# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ ३० गते २०३२ साल [संख्या २३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल राजपत्रको खण्ड २४ मिति २०३१।४।२८ संख्या १८ भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित घर जग्गा मूल्याङ्कन समितिहरूले पेश गरेको घर जग्गा मूल्याङ्कन तालिकाको रिपोर्टको आधारमा श्री ५ को सरकारबाट घर जग्गा कर नियम, २०२०को नियम ५ (३) ले दिएको अधिकार प्रयोग गरी निम्नलिखित मूल्याङ्कन तालिकाबाट आर्थिक वर्ष २०३२।३३ देखिको घर जग्गाको मूल्याङ्कन गर्ने गरी स्वीकृति गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## काठमाडौं शहरी क्षेत्रको घर जग्गा मूल्याङ्कन आंकडा

(क) औषत लागत दरः– यस शहरी क्षेत्रभित्रका घरको बनोटअनुसार निम्नबमोजिमको औसत लागत दर कायम गर्ने निर्णय भएको छ।

| घरको बनोट | घरको प्लानको प्रति वर्गफूटको प्रति तल्लाको औसत | | कैफियत |
|---|---|---|---|
| | ८ फूटसम्मको उचाइ प्रति वर्गफूटको दर | ८ फूटभन्दा माथि प्रति वर्गफूटको दर | |
| १. भित्र कांचो बाहिर पाको ईंट माटोको जोडाइ छाना जस्ता, झिंगटी, टायल, एसबेसटस। | १६।– | १७।५० | |
| २. भित्र बाहिर पाको ईंट माटोको जोडाइ छाना जस्ता, टायल, झिंगटी, एसबेसटसहरू | २०।– | २२।– | |
| ३. ऐ. बाहिर सिमेण्ट प्लास्टर। | २२।– | २४।– | |
| ४. ऐ. छाना आर. बी. आर. सी.। | २५।– | २७।५० | |
| ५. भित्र बाहिर पाको ईंट बज्रको जोडाइ छाना जस्ता, टायल, झिंगटी, एसबेसटस। | २४।– | २६।५० | |
| ६. ऐ. बाहिर सिमेण्ट प्लाष्टर। | २६।– | २८।५० | |
| ७. ऐ. छाना आर. बी. आर. सी.। | २८।– | ३१।– | |
| ८. भित्र बाहिर पाको ईंट बालुवा सिमेण्टको जोडाइ, छाना जस्ता, टायल, झिंगटी, एसबेसटसहरू। | ३०।– | ३३– | |
| ९. ऐ. छाना आ.र. बी. आर. सी.। | ३५।– | ३८।५० | |
| १०. आर. सी. सी. (फ्रेमस्ट्रक्चर)। | ४५।– | ५०।– | |
| ११. ऐ. धेरै तल्ले, (लिफ्ट भएको)। | ५०।– | ५५।– | |
| १२. काठै काठको घर। | २८।– | ३१।– | |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अञ्चल महत्त्वः– यस शहरी क्षेत्रलाई निम्नलिखित अञ्चलमा विभाजित गरी हरेक अञ्चल-लाई (क) तालिकाको दरमा निम्न लेखिएको प्रतिशत अञ्चल महत्त्व अङ्क थप्ने निर्णय भएको छ ।

| अञ्चल नम्बर | अञ्चलको सिमाना | खण्ड (क) बमोजिमका औसत लागत मोलमा थप्ने प्रतिशत | कैफियत |
| --- | --- | --- | --- |
| १. | पूर्वः– धोबीखोला<br>पश्चिमः– सामाखुसी<br>उत्तरः– जोगी गुफानिरको सामाखुसीको मुहान र त्यहांबाट बुढानिलकण्ठ जाने मुलबाटो नाघी ठूलो खोल्सा भई त्यहाँबाट मुसंडोलमा मिसिने खहरेसम्म र सो खहरै खहरे भई धोबीखोलासम्म ।<br>दक्षिणः– सामाखुसीबाट खाडीकोपाखा र सो पाखा-बाट भुवनसम्शेरको रानीको दक्षिणतर्फको क्याम्पको परखालमुनि भई मूलबाटो नाघी श्री ५ अधिराजकुमारहरूको बन्नलागेको बङ्गलाको क्याम्पको उत्तरतर्फको परखाल-मुनिको बाटो भई सो बाटोबाट मोहनसम्शेर-को क्याम्पपछाडिको खोल्सैखोल्सा हुँदै टुकुचा र सो टुकुचाबाट टुकुचै टुकुचा टुंनाल-देवीको पुलसम्म र सो पुलबाट पद्मसम्शे-रको क्याम्पपछाडिको बाटो भई विशाल-नगरबाट धुम्बाराही आउने पुलतक र सो पुलबाट खहरे भई धोबीखोलातक । | ० प्र. श. | |
| २. | पूर्वः– वाग्मती<br>पश्चिमः– धोबीखोला<br>उत्तरः– धोबीखोला र चखुंचाखुसीको दोभानबाट चखुंचाखुसी हुँदै चारघरैलाई घुमी आरू-बारी जाने मूल सडक भई तीनचुलीतक | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | र तीनचुलीबाट चेतसम्शेरको (हाल गुञ्जमान सिंहको) घरमुनिको बाटो हुँदै जोरपाटी विष्णुप्रसादको घरनिरको तीन दोबाटो र सो दोबाटोबाट दक्षिणतर्फको बाटैबाटो वाग्मतीतक। | ५ प्र. श. |
| | दक्षिणः– वाग्मती | |
| ३ | पूर्वः– विष्णुमती र वाग्मती<br>पश्चिमः– बालाजु परखालबाट रिजरभ्वायरको पानी गएको कुलैकुलो गजफुखोला र सो खोलैखोला बालाजुबाट स्वयम्भू जाने मूलबाटो भई ढुंगा ओसार्ने रोपलाइननिरको पुलसम्म र सो पुलबाट मूल सडकैसडक स्वयम्भूपछाडिबाट आएको नारायणी खोलाको गुमजसम्म र त्यहाँबाट स्वयम्भू पछाडिबाट आएको नारायणी खोलैखोला भई सितापाइलातक र त्यहाँबाट छुकदोल जाने पुलसम्म र सो पुलबाट स्वयम्भू आउने बाटोबाट पूर्वदक्षिण पाडिको फांटको कूलो र गोरेटो हुँदै म्यूजियमबाट धुनिवेसी जाने मूल सडक निस्की सो सडकबाट पुरानो कालीमाटीको पुल जाने दक्षिणतर्फको गोरेटैगोरेटो भई पुरानो कालीमाटीको पुलसम्म र सो पुलबाट सोझै दक्षिण– पश्चिमतिर गएको बाटैबाटो उक्ली बाटैबाटो पुरानो कालीमाटीको इनार र सो इनारबाट बाटैबाटो डाँडापाटी पुगी सो पाटीबाट वर्ली ध्याम्पोडोल, र खड्कागाउँ ढुंगा गाडेको सेरा खोल्साको पुलसम्म र सो पुलबाट सेराखोल्सैखोल्सा भई कालीमाटीबाट थानकोट जाने बाटोको खडकुल्या पुलसम्म र त्यहाँबाट खोल्सैखोल्सा बल्खुखोलातक।<br>उत्तरः– बालाजु रिजरभ्वायरको पानी निस्केको ठाउँबाट नागार्जुन पर्खाल भई त्रिशुली रोडबाट बालाजु डुग्ने पानीको पोखरी र महादेवखोला। | ७ प्र. श. |
| | दक्षिणः– बल्खुखोला। | |

| | | |
|---|---|---|
| ४. | पूर्व:– टुकुचा<br>पश्चिम:– विष्णुमती<br>उत्तर:– विष्णुमती सामाखुसीबाट खाडीको पाखा र सो पाखाबाट ध्रुवसम्शेरको रानीको दक्षिणतर्फको क्याम्पको परखालमुनि भई मूलबाटो नाघी श्री ५ अधिराजकुमारहरुको बन्न लागेको बङ्गलाको क्याम्पको उत्तरतर्फको परखालमुनिको बाटो भई सो बाटोबाट मोहनसम्शेरको क्याम्पपछाडिको खोल्सैखोल्सा हुँदै टुकुचा र सो टुकुचैटुकुचा हुँदै ठुनालदेवीनिरको टुकुचाको पुलतक ।<br>दक्षिण:– गैह्रीधाराबाट नारायणहिटी दरबारको उत्तर परखालमुनिको सडकमा पर्ने टुकुचाको पुलबाट सडकैसडक भई लैनचौर मूल सडक निस्की सो मूल सडक लैनचौर दुग्धशाला घुमी ढुंगा ओसार्ने रोपलाइन भई विष्णुमतीतक । | १० प्र. श. |
| ५. | पूर्व:– धोबीखोला<br>पश्चिम:– टुकुचा<br>उत्तर:– विशालनगर धुम्बाराही जाने पुलबाट पद्म सम्शेरको क्याम्पपछाडिको बाटो भई टुंनालदेवीनिरको टुकुचाको पुलतक ।<br>दक्षिण:– वाग्मती | १२ प्र. श. |
| ६. | पूर्व:– टुकुचा<br>पश्चिम:– विष्णुमती<br>उत्तर:– गैह्रीधाराबाट नारायणहिटी दरबारको उत्तर परखालमुनिको सडकमापर्ने टुकुचाको पुलबाट सडकैसडक भई लैनचौर मूल सडक निक्ली सो मूल सडकैसडक लैनचौर दुग्धशाला घुमी ढुंगा ओसार्ने रोपलाइनतक र त्यहाँबाट रोपलाइनै रोपलाइन भई विष्णुमतीतक ।<br>दक्षिण:– वाग्मती | १५ प्र. श. |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सडक महत्त्व थप:– निम्नबमोजिम सडकको दायाँ बायाँका घर जग्गाहरूको (ख) तालिका बमोजिम महत्त्व अङ्क थप गरी हुन आएको कूल मोलमा ( (क)र(ख) समेतको जम्मा) निम्न लेखिएको प्रतिशत सडक महत्त्व अङ्क थप गर्ने निर्णय भएको छ ।

| सि.नं. | सडकको नाम | सडकको दायाँ बायाँको घर जग्गालाई खण्ड (ख) को आंकडाको थप गर्ने प्रतिशत | कैफियत |
|---|---|---|---|
| | **अञ्चल नं. १** | | |
| १. | भुबनसम्शेरको रानीको दक्षिण परखालदेखि बाँसबारी छालाजुत्ता कारखानातक– | २० | |
| २. | बाँसबारीको पुलदेखि जोगीगुफाको सामाखुसीको मुहानसम्म– | १२.५ | |
| ३. | यस अञ्चलमा परेका यसदेखि बाहेक अरू मोटर चल्ने पीच भएको सडकलाई– | १० | |
| ४. | ऐ. मोटर चल्ने पीच नभएको सडकलाई– | ५ | |
| | **अञ्चल नं. २** | | |
| १. | डिल्लीबजारबाट भक्तपुर जाने धोबीखोलाको पुलदेखि बाग्मतीको पुलतक– | ३५ | |
| २. | बानेश्वर पुलीस सेन्टरीबाट गौशालाको चौबाटोतक– | ४० | |
| ३. | चावेलगणेशस्थानबाट साझा आउने चक्रपथ जोडिने चौबाटो भई बौद्धतक– | २५ | |
| ४. | बौद्धदेखि जोरपाटीतक– | २५ | |
| ५. | गौशाला चौबाटोबाट जय बागेश्वरी कसाई टोल हुँदै चावेल साझा आउने चक्रपथ जोडिने चौबाटोतक– | १८ | |
| ६. | द्यौपाटन भुवनेश्वरीबाट पशुपतिनाथको पश्चिम ढोकातक– | १८ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ७. | धोबीखोलाको कालो पुलबाट सिफल कुटु बहाल लामो पोखरी हुँदै गणेशस्थानतक– | १८ |
| ८. | बानेश्वर पुलीस सेन्टरीबाट ब्यारेक भै शङ्खमुल पुलतक– | २० |
| ९. | गौशाला चौबाटोबाट ज्ञानेश्वर जाने धोवीखोलाको रातो पुलतक– | १२.५ |
| १०. | बौद्ध र महाँकाल जाने दोबाटोबाट महाँकाल स्थानतक– | २० |
| ११. | काठमाडौंभ–क्तपुर नयाँ सडकको धोबीखोलादेखि वाग्मती पुलतक– | ६५ |
| १२. | यस अञ्चलमा परेका युसदेखि बाहेक अरू मोटर चल्ने पीच सडकलाई– | १० |
| १३. | ऐ. ऐ. पीच नभएको सडकलाई– | ५ |
| | अञ्चल नं. ३ | |
| १. | विष्णुमती रातो पुलबाट कालीमाटी कलङ्कीस्थानतक र कङाखुसीको पुलबाट श्री ५ अधिराजकुमारहरूको दरबार जाने मूल सडकलाई– | ५० |
| २. | परोपकार अनाथालयनिरको विष्णुमतीको पुलबाट कालीमाटीको विष्णुमतीको रातो पुलबाट आउने दोबाटोतक– | ३० |
| ३. | बालाजु जाने विष्णुमतीको पुलबाट डुग्रनेपानीतक– | २२ |
| ४. | कलङ्कीस्थानबाट खडकुल्या पुलतक– | २२ |
| ५. | परोपकार अनाथालयनिरको विष्णुमतीको पुलबाट म्यूजियमसम्म– | ३० |
| ६. | म्यूजियमबाट पीचको बाटैबाटो भई हलचोकतक– | ३० |
| ७. | बुढाँखेलनिरको बिष्णुमतीको पुलबाट भुइखेल हुँदै छाउनी र स्वयम्भू जाने दोबाटोको पीचतक– | १८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८. | स्वयम्भूमुनिको सितापाइला जाने बाटोबाट छुकडोल नारायणखोलाको पुलतक– | १५ |
| ९. | बालाजु बोर्डिङ्गको पिपलको बोटबाट स्वयम्भू भुइखेलतक र सो पिपलको बोटबाट बालाजु काष्ठ कार्यालय भई बालाजु मूल सडकतक– | २० |
| १०. | परोपकारनिरको विष्णुमती पारी ताहाचल जाने तीन दोबाटोदेखि ताहाचल भई बोंखा–पोखरीतक– | २० |
| ११. | यस अञ्चलमा परेका यसदेखि बाहेक अरू मोटर चल्ने पीच सडकलाई– | १५ |
| १२. | ऐ. ऐ. पीच नभएको सडकलाई– | १० |
| | अञ्चल नं. ४ | |
| १. | लैनचौर दुग्धशालाको मोडबाट उत्तर महाराजगञ्ज लक्ष्मी निवासको ढोका हुँदै भुवन सम्शेरको क्याम्पतक– | ५० |
| २. | सोह्रखुट्टेपाटीनिरको रूपलाइनबाट बालाजु जाने विष्णुमतीको पुलतक– | ३० |
| ३. | लक्ष्मीनिवास ढोकाबाट बालुवाटार राष्ट्र–बैङ्क भई पीचको बाटैबाटो टुकुचाको गुमोजतक– | ३० |
| ४. | लैनचौरको तीन दोबाटोको मोडबाट गैह्री–धाराको टुकुचाको पुलतक– | ३० |
| ५. | राष्ट्र बैङ्कको ढोकाअगाडिबाट भाटभटेनी आउँदाको टुकुचाको पुलतक– | ३० |
| ६. | यस अञ्चलमा परेका यसदेखि बाहेक अरू मोटर चल्ने पीच सडकलाई– | १५ |
| ७. | ऐ. ऐ. पीच नभएको सडकलाई– | १० |
| | अञ्चल नं. ५ | |
| १. | थापाथली, वाग्मती पुलबाट उत्तर हुँदै सिंहदरबार, रामशाहपथ, पुतलीसडकको चारदोबाटो, कमलादीको तीन दोबाटो, | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | हात्तीसार हुँदै जय नेपाल चित्रघरको तीन दोबाटोतक– | ५० |
| २. | पुतलीसडकको चौबाटोबाट पूर्व डिल्ली-बजार हुँदै बानेश्वर जाने धोबीखोलाको पुलतक– | ५० |
| ३. | थापाथलीनिरको बाग्मतीको पुलबाट त्रिपुरेश्वरको टुकुचाको पुलतक– | ५० |
| ४. | जय नेपाल चित्रघरदेखि पूर्व नक्साल नागपोखरीनिरको तीनदोबाटो, नक्साल चारढुङ्गे नक्साल भगवती हुँदै सानो गौचरको तीनदोबाटोतक– | ४० |
| ५. | डिल्लीबजारबाट चारखालअड्डा आउने पुलीस सेन्ट्रीअगाडिको मोडबाट चारखाल-अड्डा भई पीचको बाटैबाटो टंगाल गणेश-स्थान हुँदै सोबाट पश्चिम भई गैह्रीधाराको चौबाटो हुँदै दक्षिणतर्फको सडक हुँदै नक्साल नागपोखरीको तीनदोबाटोतक– | ४० |
| ६. | हात्तीसारनिरको दोबाटोबाट नागपोखरी तक– | २५ |
| ७. | गैह्रीधाराबाट उत्तर डम्बरसम्शेरको घरमुनि टुकुचाको पुलतक– | २५ |
| ८. | प्रहरी प्रधान कार्यालयको ढोका अगा-डिको मोडबाट पश्चिम गैह्रीधारा जाने पीचरोडतक– | २५ |
| ९. | थापाथली पुलीस सेन्ट्रीदेखि पूर्व हुँदै प्रसूतीगृहनिरको तीनदोबाटोतक– | ५० |
| १०. | डिल्लीबजारबाट कालिकास्थान भई पुतलीसडकबाट सिंहदरबारढोका आउँ-दाको पीचरोडतक– | ३० |
| ११. | लालदरबार ढोकाअगाडिनिरको टुकु-चाको पुलदेखि कमलपोखरी भई ज्ञानेश्वर. दोबाटोबाट उत्तर भई चाबो गौचरको मोडतक– | ४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १२. | सानो गौचर मोडदेखि धोवी खोलाको कालो पुलतक– | ४० |
| १३. | कमलपोखरी कुमारीस्थानबाट नक्साल चारढुङ्गेतक र नक्साल चारढुङ्गेबाट उत्तर ज्यापुटोल भई गैह्रीधारा जाने पीचरोडतक– | २० |
| १४. | गैह्रीधाराबाट पश्चिम लैनचौर जाने टुकुचाको पुलतक– | १८ |
| १५. | टंगाल गणेशस्थानबाट उत्तर भाटभटेनी हुँदै बालुवाटार राष्ट्रबैङ्कको मोडको मूल सडकतक– | ३५ |
| १६. | ज्ञानेश्वरको ओन्ह्रालोनिरको कसाई टोलको अगाडिको दोबाटोबाट डिल्लीबजारको पीचरोडको मोडतक (मैतीदेवी भई)– | २५ |
| १७. | ज्ञानेश्वर ओह्रालोबाट पशुपति जाने धोबिखोलाको रातो पुलतक– | २५ |
| १८. | भाटभटेनीबाट विशालनगरतक– | ३५ |
| १९. | बानेश्वर ब्यारेकबाट पश्चिम बबरमहल जाने धोबीखोलाको पुलतक– | २५ |
| २०. | काठमाडौं–भक्तपुर सडकको शरू मोडदेखि धोबीखोलाको पुलतक– | ६५ |
| २१. | पुतलीसडक पुलीस सेन्ट्रीदेखि उत्तर कमलपोखरीसम्म जाने कच्चीसडकतक– | ३० |
| २२. | टङ्गाल गणेशस्थानबाट पूर्व हुँदै गहना खोज्ने पोखरीतक– | ४० |
| २३. | गहना खोज्ने पोखरीबाट दक्षिणको तीन दोबाटोदेखि दक्षिण हुँदै सानो गौचरतक– | ४० |
| २४. | यस अञ्चलमा परेका यसदेखि बाहेकका अरू मोटर चल्ने पीचसडकलाई– | १५ |
| २५. | ऐ. ऐ. पीचसडक नभएकोलाई– | १० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | अञ्चल नं. ६ | |
| १. | टुँडिखेल नयाँ सडकको ढोकाबाट जुद्ध-सम्शेरको सालिक भई इन्द्रचोकतक– | ७५ |
| २. | टुँडिखेल मिल्टरी हस्पिटलदेखि लैनचौर दोबाटोतक– | ७५ |
| ३. | जुद्धसम्शेरको सालिकदेखि दक्षिण नगर पञ्चायतको तीनदोबाटोतक– | ७५ |
| ४. | जुद्धसम्शेरको सालिकदेखि पश्चिम गद्दी बैठकतक– | ७५ |
| ५. | दरबार स्कूलबाट भोटाहिटी हुँदै असन केल-टोल इन्द्रचोक मखन र कालभैरव गद्दी बैठकतक र त्यहाँबाट भूतिसल भई सिंह सत्तलको उत्तर मोडतक– | ६० |
| ६. | त्रिपुरेश्वर टुकुचाको पुलदेखि त्रिभुवनको सालिकतक– | ६० |
| ७. | दरबारस्कूल अगाडिको भोटाहिटीको चौबा-टोबाट बागबजार टुकुचाको पुलतक– | ७५ |
| ८. | सुन्धाराबाट खिचापोखरी भई नयाँ सडकको अमेरिकन लाईब्रेरीतक– | ७५ |
| ९. | प्यूखाबाट डा. जीतसिंहको घर घुमी नयाँ सडकतक– | ६० |
| १०. | इन्द्रचोकबाट उत्तर भेडासिंहतक– | ६५ |
| ११. | मच्छिन्द्रबहालदेखि नरदेवी हुँदै विष्णुमती तक– | ४० |
| १२. | छेत्रपाटीको पूर्व ठंहिटीनिरको गणेशस्थान-बाट छेत्रपाटी बजार भई पकनाजोल हुँदै सोह्र खुट्टेपाटीनिरको रुपलाइनतक– | ४० |
| १३. | ठंहिटी चोकबाट उत्तर हुँदै ठमेल तीन दोबाटो हुँदै पूर्व महिला संगठनको ४ दोबाटो तक– | ५० |
| १४. | ठमेल तीन दोबाटोबाट उत्तर हुँदै गल्कोपाको जाने बरालोतक– | ४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५१

| | | |
|---|---|---|
| १५. | ठमेल महिला संगठनको बार दोबाटोबाट पूर्व जय नेपाल चित्रघरतक– | ६५ |
| १६. | राष्ट्रिय नाचघर अगाडिको दोबाटोबाट विश्वज्योति हुँदै अन्नपूर्ण होटेल भई राज-दरबार अगाडितक– | ७५ |
| १७. | तीनधारा पाकशालाअगाडिबाट त्रि– चन्द्र कलेज बिजुली अड्डा भद्रकालीतक र त्यहाँबाट मिल्टरी ब्यारेक भई थापाथली टुकुचाको पुलतक– | ६५ |
| १८ | पुरानो भन्सार (रणमुक्तेश्वर) बाट पाको, नयाँसडक पिपलको बोट हुँदै रमा गृह महिला संगठनको पछाडिको बाटो हुँदै खिचा-पोखरी मूल सडक तक– | ६५ |
| १९. | नयाँ सडक पिपलको बोटअगाडि, रन्जना जाने मोडतक– | ७५ |
| २०. | त्रिपुरेश्वर श्री ५ त्रिभुवनको सालिकबाट पश्चिम विष्णुमतीको पुलतक– | ६० |
| २१. | भेंडासिंहबाट उत्तर बांगेमुढातक– | ४० |
| २२. | बाँगेमुढाबाट नघल हुँदै ठंहिटी त्यौड जाने चौबाटोको पीचतक र त्यहाँबाट छेत्रपाटीको पूर्वको गणेशस्थानतक– | ४० |
| २३. | बाँगेमुढाबाट पूर्व न्हैकँतला हुँदै असनको मोड तक– | ४० |
| २४. | काठमाडौं गणेशस्थानबाट सीधा उत्तर हुँदै क्षेत्रपाटी डबुलीतक– | ४० |
| २५. | असनबाट त्यौड ज्वालामुखीमाईको स्थान तक– | ४० |
| २६. | दरबारस्कूलबाट कमलाक्षी हुँदै असनतक– | ४० |
| २७. | काठमाडौं सिंहसत्तलदेखि चिकंमुगल हुँदै जैशीदेवलतक– | ३० |
| २८. | लैनचौर दुग्धशालाबाट पकनाजोल सल्ला बारीतक र त्यहाँबाट ढुंगा ओसार्ने रूपलाइन सम्म– | ३० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २९. | सुन्धाराबाट उत्तर बहाल हुँदै नयाँ सडक गेटको पीचरोडको कुनातक– | ४० |
| ३०. | महाबौद्धबाट दुगंबहील प्यूखा तीनदोबाटो तक– | ४० |
| ३१. | त्रिभुवन सालिकदेखि नयाँ सडकको गेटतक– | ७५ |
| ३२. | नयाँ सडक दुगंबहील, प्यूखा हुँदै रञ्जना सिनेमातक– | ४० |
| ३३. | काठमाडौं सिंहसत्तलको कुनाबाट भीमसेन–स्थान भई परोपकार अनाथालयनिरको विष्णुमती पुलतक– | ३० |
| ३४. | महाबौद्धदेखि वटु न्यासल गणेशस्थान हुँदै इन्द्रचोकतक– | ३० |
| ३५. | महाबौद्धबाट अन्नपूर्ण प्रेस भई असनको मोडतक– | ३० |
| ३६. | त्रि-चन्द्र कलेजको कुनाबाट कमलादी गणेश भई टुकुचाको पुलतक– | ६५ |
| ३७. | तीनधारा पाकशालाबाट पूर्व टुकुचाको पुलतक– | ६५ |
| ३८. | उपरोक्त सडकहरूलाई जोडने पीचका सडकहरू– | ६५ |
| ३९. | बाँगेमुढाबाट न्होखा, रक्तकाली भई विष्णुमतीतक– | ३० |
| ४०. | त्योड ज्वालामाईको कुनादेखि इचाबहाल र ठँहिटी क्षेत्रपाटीको पूर्व गणेशस्थानतक– | ३० |
| ४१. | बसन्तपुर झोछें नगर पञ्चायत हुँदै दक्षिण हुँदै खिचापोखरीतक– | ४० |
| ४२. | जैंशीदेवलबाट लगन कुहाटोल हनुमत कोंहिटी भई भीमसेनस्थानतक– | ३० |
| ४३. | क्षेत्रपाटीबाट जुद्धोदय हाइस्कूल भई ठँहिटीबाट ठमेल जाने बाटोतक र ठँहिटीबाट गोंक्षबु जाने चौबाटोतक– | ३० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४४. | प्यूखाबाट गुच्चाटोल भई वटु विकंअटतक– | ३० |
| ४५. | यसमा नपरेका अन्य मोटर चल्ने पीच सडकहरू– | २० |
| ४६. | ऐ. ऐ. पीच न भएको सडकहरू– | १५ |

टूटफुट कट्टी:– हरेक घरको (क) तालिकाअनुसार कायम हुन आएको मोलमा निम्न प्रतिशतको दरले टूटफुट कट्टी गर्न दिने निर्णय भएको छ।

| घरको बनोट | प्रति वर्ष कट्टी गर्ने प्रतिशत | बढीसेबढी कट्टी गर्ने प्रतिशत | बढीसेबढी कट्टी गर्न पाउने वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. माटोको जोडाइको सबै किसिमको घर (१ देखि ४सम्म)– | २. | ६० | ३० | |
| २. बज्रको जोडाइको सबै किसिमको घर (५, ६ र ७)– | १.२५ | ५० | ४० | |
| ३. सिमेण्टको जोडाइको सबै किसिमको घर (८ र ९)– | .७५ | ५० | ६७ | |
| ४. आर. सी. सी. फ्रेमस्ट्रक्चरको सबै किसिमको घर (१०र११)– | .५० | ५० | १०० | |
| ५. काठको घर (१२)– | २.५० | ८० | ३२ | |

(ङ) घर कम्पाउण्डभित्रको जग्गाको दर:– यस शहरी क्षेत्रमा निम्नलिखित अञ्चलमा घर कम्पाउण्डभित्रको जग्गाको औसत मोल निम्नबमोजिम कायम गर्ने निर्णय भएको छ। तालिका (ग) बमोजिमका सडकहरूमा जोडिएका जग्गामा उक्त (ग) तालिकाबमोजिम सडक महत्त्व थप हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (१) नं. १ को अञ्चलमा | रु. ३,०००।– प्रति रोपनी |
| (२) नं. २ को अञ्चलमा | रु. ५,०००।– प्रति रोपनी |
| (३) नं. ३ को अञ्चलमा | रु. ७,०००।– प्रति रोपनी |
| (४) नं. ४ को अञ्चलमा | रु. १०,०००।– प्रति रोपनी |
| (५) नं. ५ को अञ्चलमा | रु. १५,०००।– प्रति रोपनी |
| (६) नं. ६ को अञ्चलमा | रु. २०,०००।– प्रति रोपनी |

द्रष्टव्यः– (१) काँचो ईंटको वा माटोको वा बाँसको टाटी वा बाँसको काठको टाटीको गारो भई फूस (खर) वा साधारण टिनको छाना भएको कच्ची घरको मूल्याङ्कन नगर्ने।

(२) सिनेमा हलहरूको अघिल्लो भाग (मुख्य अडिटोरियम) गोदामकिसिम हुने हुँदा सो भागको मूल्याङ्कन गर्दा तालिका (क) को लागत दरमा २५ प्रतिशत रिहाइ दिई मूल्याङ्कन गर्ने।

(३) औद्योगिक प्रतिष्ठानको गोदामघरहरू मूल्याङ्कन गर्दा तालिका (क) को लागत दरमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने।

(४) जग्गाको हिसाब गर्दा घर खडा भएको जग्गाको समेत हिसाब गर्नु पर्नेछ। जग्गाको मोलमा टुटफुट कट्टी हुने छैन।

(५) तालिका (ग) मा उल्लेख भएका सडकहरू दुबैतर्फ घर क्याम्प जोडिएका घरजग्गाको मूल्याङ्कन गर्दा यस्तो जोडिएका सडकहरूमध्ये जुन चाहिंको बढी सडक महत्त्व हुन्छ त्यहीँलाई सडक मानी मूल्याङ्कन गर्ने।

ललितपुर शहरी क्षेत्रको घर जग्गा मूल्याङ्कन आँकडा

औसत लागत दरः– यस शहरी क्षेत्रभित्रको घरको बनोटअनुसार निम्नबमोजिम औसत लागत दर कायम गर्ने निर्णय भएको छ।

| घरको बनोट | घरको प्लानको प्रति वर्ग फूटको प्रति तल्लाको औसत लागत खर्च | | कैफियत |
|---|---|---|---|
| | ८ फूटसम्मको उचाइ प्रतिवर्ग फूटको दर | ८ फूटभन्दा माथि प्रतिवर्ग फूटको दर | |
| १. भित्र काँचो बाहिर पाको ईंट माटोको जोडाइ छाना जस्ता, झिङ्गटी, टायल, एसबेसटस।– | १६।– | १७।५० | |
| २. भित्र बाहिर पाको ईंट माटोको जोडाइ छाना जस्ता, टायल, झिङ्गटी, एसबेसटसहरु।– | २०।– | २२।– | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३५

| | | |
|---|---|---|
| ३. ऐ. बाहिर सिमेण्ट प्लाष्टर।– | २२।– | २४।– |
| ४. ऐ. छाना आर बी. आर. सी. ।– | २५।– | २७।५० |
| ५. भित्र बाहिर पाको ईंट बजको जोडाइ छाना जस्ता, टायल, झिङ्गटी, एसबेसटस।– | २४।– | २६।५० |
| ६. ऐ. बाहिर सिमेण्ट प्लाष्टर ।– | २६।– | २८।५० |
| ७. ऐ. छाना आर. बी. आर. सी. ।– | २८।– | ३१।– |
| ८. भित्र बाहिर पाको ईंट बालुवा सिमेण्टको जोडाइ, छाना जस्ता, टायल, झिङ्गटी, एसबेसटहरू ।– | ३०।– | ३३।– |
| ९. ऐ. छाना आर. बी. आर. सी. ।– | ३५।– | ३८।५० |
| १०. आर. सी. सी. फ्रेमस्ट्रक्चर ।– | ४५।– | ५०।– |
| ११. ऐ. धेरै तल्ले, लिफ्ट भएको ।– | ५०।– | ५५।– |
| १२. काठै काठको घर ।– | २८।– | ३१।– |

(ख) अञ्चल महत्त्व:– यस शहरी क्षेत्रलाई निम्नलिखित अञ्चलमा विभाजित गरी हरेक अञ्चललाई (क) तालिकाको दरमा निम्न लेखिएको प्रतिशत अञ्चल महत्त्व अङ्क थप्ने निर्णय भएको छ।

| अञ्चल नम्बर | सिमाना | खण्ड (क) बमोजिमका औसत लागत मोलमा थप्ने प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | पूर्व:– कर्मनासा खोला<br>पश्चिम:– शंखमुलबाट गुइटोल हुँदै गोरेटो भै ग्वार्को लुभू जाने मूल सडकतक र त्यहांबाट ग्वार्को फांटको गोरेटो भई गोदावरी जाने मूल सडक तक र त्यहाँबाट धापाखेल जाने नयाँ बाटो भई खुमल ल. पु. नगरपञ्चायत सिमानातक–<br>उत्तर:– मनोहरा र वाग्मती।–<br>दक्षिण:– नगरपञ्चायतको सिमाना:– | ० प्र. श. | |
| २. | पूर्व:– शंखमुलबाट गुइटोल हुँदै गोरेटैगोरेटो हुँदै ग्वार्को लुभू जाने मूल सडकतक र त्यहाँबाट ग्वार्को फांटको गोरेटो भई गोदावरी जाने मुलसडक तक र त्यहाँबाट धापाखेल जाने नयाँ बाटैबाटो भई खुमल ल. पु. नगरपञ्चायत सिमानातक – | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमः– वाग्मती धन्वन्तरीघाटबाट गोरेटैगोरेटो भई चाकपाटबाट तापाहिटी जाने बाटोतक र त्यहाँबाट पाटनहाइस्कूलको पश्चिमतर्फको गोरेटैगोरेटो हुँदै पाटनढोकातक र त्यहाँबाट कोटलाक्षीगणेश भई अशोक सिनेमाहलको दायाँ न्याघगल्लीबाट तापाहिटी नायलखु तलाछें गल्ली भई ज्ञातपोलतक र त्यहाँबाट तलाछें गल्ली भई कुलिमतक त्यहाँबाट भैलछें च्यासल चौबाटोतक र त्यहाँबाट विक्षेन्योंट– कुटी हौगल, ओगाल भई सौगल चारदोबाटो तक र त्यहाँबाट लामुगल, थेना सोढो भई प्रयाग पोखरी हुँदै लगनखेल भई बटुक भैरबतक।–

उत्तरः– वाग्मती।

दक्षिणः– बटुक भैरबबाट मूल सडकैसडक हुँदै सातदोबाटोतक र त्यहाँबाट गोदावरी जाने मूल सडकैसडक धापाखेल जाने नयाँ बाटो तक– ५ प्र. श.

३. पूर्वः– वाग्मती धन्वन्तरीघाटबाट गोरेटैगोरेटो भई चाकपाटबाट तापाहिटी जाने बाटोतक र त्यहाँबाट पाटनहाइस्कूलको पश्चिम तर्फको गोरेटो हुँदै पाटनढोकातक र त्यहाँबाट जगदम्बाकुमारीको क्याम्पपछाडिको सर्भिस चल्ने नयाँ पञ्चायत मार्ग भई छाय-बहाल ढुंगेधारा हुँदै नकटोल मदन मेमोरि-यल हाइस्कूलतक र त्यहाँबाट चिल्ड्रेन पार्कको पूर्वपट्टिको ढलको बाटोबाट बद्री सम्शेरको क्याम्पपछाडिको बाटैबाटो भई ज्यावलाखेलबाट लगनखेल जाने मूलबाटो तक र त्यहाँबाट मूल सडकैसडक लगनखेल अस्पताल हुंदै बटुक भैरबतक र त्यहाँबाट सातदोबाटोतक र त्यहाँबाट गोदावरी जाने मूल सडकैसडक हुँदै धापाखेल जाने नयाँ-बाटो हुँदै धुमल ल. पु. नगरपञ्चायत सिमानातक–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५८

| | | | |
|---|---|---|---|
| | पश्चिम:– बाग्मती र नखुखोला<br>उत्तर:– बाग्मती<br>दक्षिण:– नखुखोला | ८ प्र. श. | |
| ४. | पूर्व:– च्यासल चौबाटोबाट खपिंछे त्यौट कुटी सौगल जोगाल भई सौगल चौबाटोतक र त्यहाँबाट लामुगल थैनानिडो भई प्रयाग पोखरी हुँदै लगनखेल बटुक भैरबतक ।<br>पश्चिम:– पाटनढोकाबाट जगदम्बाकुमारीको क्याम्प पछाडिको नयाँ मोटर चल्ने पञ्चायत मार्ग भई छायबहाल ढुङ्गेधारा हुँदै नकटोल मदन मेमोरियल हाइस्कूलतक र त्यहाँबाट चिल्ड्रेनस् पार्कको पूर्वपट्टिको ढलको बाटै बाटो बद्रीसम्शेरको क्याम्पपछाडिको बाटैबाटो भई जावलाखेलबाट लगनखेल जाने मूल सडकतक ।<br>उत्तर:– पटानढोकाबाट कोटलाक्षी गणेश भई अशोक सिनेमाहलको दायाँ न्याधगल्लीबाट तापाहिटी नायलखु तमलाक्षे गल्ली भई झातपोलतक र त्यहाँबाट तलाछें गल्ली हुँदै कुलिमतक र त्यहाँबाट भेलाछें चोछें हुँदै च्यासल चौबाटोतक।<br>दक्षिण:– जावलाखेलबाट लगनखेल जाने मूल सडकको बद्रीसम्शेरको क्याम्पपछाडिबाट आउँदाको तीनदोबाटोदेखि मूल सडकै सडक लगनखेल अस्पताल भई लगनखेल बटुक भैरबतक– | १२ प्र.श. | |

(ग) <u>सडक महत्त्व थप</u>:– निम्नबमोजिमका सडकको दायाँ बायाँको घर जग्गाहरूको (ख) तालिकाबमोजिम महत्त्व अङ्क थप गरी हुन आएको कूल मोलमा (क र ख समेतको जम्मा) निम्न लेखिएको प्रतिशत सडक महत्त्व अङ्क थप गर्ने निर्णय भएको छ ।

| सि. नं. | सडकको नाम | सडकको दायाँ बायाँका घर जग्गालाई खण्ड (ख) को आङ्कडाको थप गर्ने प्रतिशत | कैफियत |
|---|---|---|---|

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258

| | | |
|---|---|---|
| | **अञ्चल नं. १** | |
| १. | यस अञ्चलभित्रका मोटर चल्ने पिच भएको सडकलाई | १० |
| २. | ऐ. ऐ. पीच नभएको सडकलाई | ७ |
| | **अञ्चल नं. २** | |
| १. | तलाछें (झातपोल) र गल्ली जाने झातपोलदेखि कुम्भेश्वर भई कोबहालतक– | १० |
| २. | तलाछें (झातपोल) र भेलाछें जाने कुलिमदेखि शङ्खमूलतक– | १० |
| ३. | च्यासल चौबाटोदेखि न्यौट जोगाल भई सौगल चौबाटोतक– | ८ |
| ४. | न्यौटदेवी लोलमोल भई बालकुमारीतक– | ८ |
| ५. | सौगल चौबाटोदेखि सुन्धारातक– | १५ |
| ६. | सुन्धाराबाट न्हेफल, महाबौद्धतक– | १० |
| ७. | सुन्धाराबाट त्यागलतक– | १० |
| ८. | बटुक भैरबदेखि सातदोबाटो भई धापाखेल नयाँ बाटोतक– | १५ |
| ९. | यस अञ्चलभित्र परेका अरू मोटर चल्ने पीच सडकलाई– | ७ |
| १०. | ऐ. ऐ. पीच नभएको सडकलाई– | ५ |
| | **अञ्चल नं. ३** | |
| १. | बाग्मती पुलबाट कानदेवतास्थान पुल्चोक भई जावलाखेल मुनि मण्डलतक– | ३० |
| २. | कानदेवतास्थानदेखि शान्तभवन भई पुल्चोक पिपलको बोटतक– | ३० |
| ३. | मिलटन्जा पुल्चोक जाने दोबाटोदेखि पाटन ढोकातक– | ३० |
| ४. | पाटनढोकादेखि छायबहाल ढुङ्गेधारा भई मदन मेमोरियल हाइस्कूलतक– | २० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५. | जावलाखेल मुनि मण्डलदेखि नखुखोलातक– | १५ |
| ६. | पुलचोक दमकलदेखि धोवीघाटसम्म– | १२ |
| ७. | धोवीघाटदेखि नखुखोलातक– | १२ |
| ८. | धोवीघाटदेखि शान्तभवन जाने पीचतक– | १२ |
| ९. | जावलाखेलदेखि मूल सडकै सडक बद्रीसम्शेरको क्याम्पपछाडिबाट आउने दोबाटोतक– | २० |
| १०. | लगनखेल अस्पताल अगाडिदेखि महालक्ष्मीतक– | १२ |
| ११. | महालक्ष्मीस्थान भई तिखेदेवलतक– | १२ |
| १२. | यस अञ्चलमा पर्ने यसदेखि बाहेकका अरू मोटर चल्ने पीच सडकलाई– | १० |
| १३. | ऐ. ऐ. पीच नभएको सडकलाई– | ७ |
| | अञ्चल नं. ४ | |
| १. | पाटनढोकाबाट कोटलाक्षी गणेश भई अशोक सिनेमाहलतक– | २५ |
| २. | अशोक सिनेमाहल बालिफलदेखि नकबहील धलायचा भई क्वालखु गणेशतक– | २५ |
| ३. | क्वालखु गणेशदेखि न:पसल भीमसेनस्थानतक– | २५ |
| ४. | न:पसलदेखि दयु त:ङ्याल भई महापाल मूल सडकतक– | १५ |
| ५. | क्वालखु गणेशदेखि झातपोल तलाछें गल्लीतक– | १५ |
| ६. | क्वालखुबाट सोथे जाने सडकतक– | २० |
| ७. | भीमसेनस्थानदेखि सोथ भई कुलिम तलाछें र भेलाछें गल्लीतक– | १५ |
| ८. | भीमसेनस्थानदेखि तिलाका बखुंबहाल भई न्यौट चौबाटोतक– | १५ |
| ९. | भीमसेनस्थानदेखि मङ्गलबजारचौबाटोतक– | ३० |
| १०. | चिल्ड्रेन्सपार्कदेखि गाबहाल चारथामेपाटी अगाडितक– | ४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ११. | गाबहाल चारभानेपाटीदेखि महापाल भई मङ्गलबजार इखापीचतक– | ३० |
| १२. | इखापीचदेखि सौगल चौबाटोतक– | १५ |
| १३. | मङ्गलबजारदेखि हौगल भई चाकबहील चौबाटोतक– | २५ |
| १४. | चाकबहील चौबाटोदेखि थतितक– | १५ |
| १५. | चाकबहीलदेखि लगनखेलतक– | २५ |
| १६. | जावलाखेल तफालो (बद्रीसम्शेरको क्याम्प) पछाडिबाट आउँदाको दोबाटो मूल सडकदेखि लगनखेल बटुक भैरबतक– | ३० |
| १७. | यस्मा नपरेका अरु मोटर चल्ने पीच सडकलाई– | १० |
| १८. | ऐ. ऐ. पीच नभएको सडकलाई– | ७ |

(ख) टूटफुट कट्टी:– हरेक घरको (क) तालिकाअनुसार कायम हुन आएको मोलमा निम्न प्रतिशतको दरले टूटफुट कट्टी गर्न दिने निर्णय भएको छ।

| घरको बनोट | प्रतिवर्ष कट्टी गर्ने प्रतिशत | बढी से बढी कट्टी गर्ने प्रतिशत | बढी से बढी कट्टी गर्न पाउने वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. माटोको जोडाइको सबै किसिमको घर (१ देखि ४ सम्म) | २. | ६० | ३० | |
| २. बज्रको जोडाइको सबै किसिमको घर (५,६, र ७) | १.२५ | ५० | ४० | |
| ३. सिमेण्टको जोडाइको सबै किसिमको घर (८ र ९) | .७५ | ५० | ६७ | |
| ४. आर. सी.सी. फ्रेमस्ट्रक्चर को सबैकिसिमको घर (१० र ११) | .५० | ५० | १०० | |
| ५. काठको घर (१२) | २.५० | ८० | ३२ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) घर कम्पाउण्डभित्रको जग्गाको दरः– यस शहरी क्षेत्रमा निम्नलिखित अञ्चलमा घर कम्पाउण्डभित्रको जग्गाको औसत मोल निम्नबमोजिम कायम गर्ने निर्णय भएको छ। तालिका (ग) बमोजिमका सडकहरूमा जोडिएका जग्गामा उक्त (ग) तालिकाबमोजिमको सडक महत्त्व थप हुनेछ ।

| | | |
|---|---|---|
| (१) | नं. १ को अञ्चलमा | रू. २,०००।– प्रति रोपनी |
| (२) | नं. २ को अञ्चलमा | रू. ४,०००।– प्रति रोपनी |
| (३) | नं. ३ को अञ्चलमा | रू. ८,०००।– प्रति रोपनी |
| (४) | नं. ४ को अञ्चलमा | रू. १०,०००।– प्रति रोपनी |

द्रष्टव्यः– १. काँचो ईंटको वा माटोको वा बाँसको टाटी वा बाँसको काठको टाटीको गारो भई फूस (खर) वा साधारण टिनको छाना भएको कच्ची घरको मूल्याङ्कन नगर्ने।

२. सिनेमाहलहरूको अघिल्लो भाग (मुख्य अडिटोरियम) गोदामकिसिम हुने हुँदा सो भागको मूल्याङ्कन गर्दा तालिका (क) को लागत दरमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने।

३. औद्योगिक प्रतिष्ठानको गोदामघरहरू मूल्याङ्कन गर्दा तालिका (क) को लागत दरमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने।

४. जग्गाको हिसाब गर्दा घर खडा भएको जग्गाको समेत हिसाब गर्नु पर्नेछ। जग्गाको मोलमा टूटफुट कट्टी हुने छैन।

५. तालिका (ग) मा उल्लेख भएका सडकहरूको दुबैतर्फ घर कम्पाउण्ड जोडिएका घर जग्गाको मूल्याङ्कन गर्दा यस्तो जोडिएका सडकहरूमध्ये जुन चाहीं को बढी सडक महत्त्व हुन्छ त्यहीलाई सडक मानी मूल्याङ्कन गर्ने।

## भक्तपुर शहरी क्षेत्रभित्रको घरजग्गा मूल्याङ्कन आंकडा

(क) औसत लागत दरः– यस शहरी क्षेत्रभित्रका घरको बनौट अनुसार निम्नबमोजिमको औसत लागत दर कायम गर्ने निर्णय भएको छ ।

| घरको बनोट | घरको प्लानको प्रति वर्गफूटको प्रति तल्लाको औसत लागत खर्च | | कैफियत |
|---|---|---|---|
| | ८ फूटसम्मको उचाइ प्रति वर्गफूटको दर | ८ फूटभन्दा माथि प्रति वर्गफूटको दर | |
| १. भित्र कांचो बाहिर पाको ईंट माटोको जोडाइ छाना, जस्ता, झिंगटी, टाइल, एसबेसट्स | १६।– | १७।५० | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८२

| | | | |
|---|---|---|---|
| २. | भित्र बाहिर पाको ईंट माटोको जोडाइ छाना जस्ता,टायल,झिंगटी, एसवेसटसहरू | २०।– | २२।– |
| ३. | ऐ. बाहिर सिमेण्ट प्लाष्टर | २२।– | २४।– |
| ४. | ऐ. छाना आर बी. आर. सी. | २५।– | २७।५० |
| ५. | भित्र बाहिर पाको ईंट बज्रको जोडाइ छाना जस्ता,टायल,झिंगटी, एसवेसटस | २४।– | २६।५० |
| ६. | ऐ. बाहिर सिमेण्ट प्लाष्टर | २६।– | २८।५० |
| ७. | ऐ. छाना आर. बी. आर. सी. | २८।– | ३१।– |
| ८. | भित्र बाहिर पाको ईंट बालुवा सिमेण्टको जोडाइ छाना जस्ता, टायल, झिंगटी, एसवेसटस | ३०।– | ३३।– |
| ९. | ऐ. छाना आर बी. आर. सी. | ३५।– | ३८।५० |
| १०. | आर. सी. सी. फ्रेमस्ट्रक्चर | ४५।– | ५०।– |
| ११. | ऐ. धेरै तल्ले, लिफ्ट भएको | ५०।– | ५५।– |
| १२. | काठै काठको घर | २८।– | ३१।– |

(ख) अञ्चल महत्त्वः– यस शहर क्षेत्रलाई निम्नलिखित अञ्चलमा विभाजित गरी हरेक अञ्चललाई (क) तालिकाको दरमा निम्न लेखिएको प्रतिशत अञ्चल महत्त्व अङ्क थप्ने निर्णय भएको छ ।

| अञ्चल नम्बर | सिमाना | खण्ड (क) बमोजिम औसत लागत मोलमा थप्ने प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | खँचापोखरीबाट वटुटोल, जेला, ताहामला गल्ली झतापोलबाट तौलाछें, सूर्यमढीबाट ब्रह्मायणी जाने बाटो सोझै हनुमन्ते खोला हुँदै खोलैखोला हनु–मानघाटको नाला जाने पुलबाट खँचापोखरी तक- | ० प्र. श. | |
| २. | इचाडोल गल्लीको दोबाटोबाट पूर्व थुमचो गल्ली हुँदै पाटीबाट दक्षिण मोड दिई पूर्व ताहामला गल्ली | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | हुँदै कुमालेटोल लाकोलाक्षे गाहिटीबाट भगवतीस्थान हुँदै पूर्व ओह्रालो हुँदै चासुखेल राम ताम्राकारको घर-अगाडिको पूर्वतर्फको बाटो लिई गोलमडी उकालो छिचल्दै छोलिला हुँदै माथि उक्ली हनुमानघाट निस्की नालाजाने पुलबाट खोलैखोला पश्चिम लागी खोलाबाट सीधा इचाडोल गल्लीतक– | ३ प्र. श. |
| ३. | ब्रह्मायणीको पुलबाट सूर्यमडीबाट तोचमछुसँकोला-बाट गणेशपछाडिको बाटो हुँदै सोझै थालाछें छिचोलेर दुगमलाचोछें छुमा गणेशबाट व्यासी ओह्रा-लो लागी सोझै चाँगुनारायण जाने बाटो हुँदै उत्तर खासाँगखुसुंगको पुल भई खोलैखोला भई सोझै दक्षिण थाटू महादेवस्थानबाट हनुमन्ते खोला भई ब्रह्माय-णीको पुलतक– | ५ प्र. श. |
| ४. | पश्चिम सल्लाघारी निस्की खासांगखुसुंगको पुलबाट खोलैखोला दक्षिणपूर्व लागी सोझै उत्तर इचाडोल गल्ली हनुमानपाटी हुंदै त्यहाँबाट नवदुर्गा चित्र मन्दिर जाने इताछें उकालोबाट गुहेपोखरी त्यहाँबाट सोझै उत्तर खासांगखुसुंग खोलैखोला भै पश्चिम हुंदै सल्लाघारी निस्की खासांगखुसुंग पुलसम्म– | ८ प्र. श. |
| ५. | गुहेपोखरीबाट नवदुर्गा चित्र मन्दिरअगाडिको इताछें ओन्हालो हुंदै बागीमला गल्लीबाट पूर्व लागी तपा-लाछें लस्करदेवीस्थानबाट दोदछेंबाट गोरेटो र गोरेटोबाट कृष्ण गोपको घरबाट पश्चिम हुंदै बखा-लबाट झ्यापु दाईको घरदेखि पश्चिम गणेशस्थान निस्की सोझै पूर्व किसिमन्यो गल्ली हुंदै इक्षुसोमला विष्णुहरी उपाध्यायको चोकको इनारबाट सोझै उत्तर बगैंचा हुंदै वहाताल पूर्व ओन्हालोबाट चण्डिका स्थानबाट उत्तर साकोटा बहाल मेछचिन बगैंचाबाट जगन्नाथ त्रिपुरसुन्दरीस्थानबाट उत्तर पोक्चादेव स्था-नबाट पूर्व तुक्षेमला हुँदै छुमागणेशबाट व्यासी ओह्रालो हुँदै चांगु जाने बाटोबाट खासांगखुसुंग खोला भई खोलैखोला पश्चिम सीधा गुहेपोखरी– | १० प्र. श. |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०४

| | | | |
|---|---|---|---|
| ६. | इताछें ओह्लालोको बागीमला गल्लीबाट पूर्व भई तपालाछें लस्करदेवीस्थानबाट दोक्छें निस्की गोरेटै गोरेटोबाट कृष्ण गोंगको घरबाट वज्रखालबाट झ्यापु दाईको घरदेखि पश्चिम गणेशस्थान निस्की सोझै पूर्व किसिमन्य गल्ली हुँदै इछुसोमला विष्णुहरी उपाध्यायको चोकको इनारबाट सोझै उत्तर बगैंचा हुँदै बहाताल पूर्व ओह्लालोबाट चण्डीकास्थान उत्तर साकोटा बहाल मेखचीन बगैंचाबाट जगन्नाथ त्रिपुर–सुन्दरीस्थान तुलाछें टोलका पोक्ल देवलस्थानबाट पूर्व र उत्तरतर्फ तुंछे गल्ली हुँदै भलाछें छिचोलेर दुगमला गल्ली र त्यहाँबाट थालाछें छिचल्दै शालीगणेश पछाडिको बाटोबाट साकोला गछें सूर्यमटी झतापोलखेला वचुटोल हुँदै खँचापोखरीबाट पश्चिम सीधा झरी तेला गोलमढी उकालो छिचल्दै सीधा चासुखेल राम ताम्रा-कारको घरबाट दक्षिण लागी दोबाटोबाट उकालो भई भगवतीस्थान गाहिटी लाकोलाछें कुमाले टोल-बाट पश्चिम ताहामला गल्ली हुँदै थुचो तेखापुखु गल्ली-बाट इखाछोल हनुमानपाटीबाट उत्तर बागीमला गल्ली– | १२ प्र. श. | |

(ग) सडक महत्त्व थप:– निम्नबमोजिमको सडकको दायाँ बायाँका घर जग्गाहरूको (ख) तालिकाबमोजिम महत्व अङ्क थप गरी हुन आएको कूल मोलमा (क र ख समेतको जम्मा) निम्न लेखिएको प्रतिशत सडक महत्त्व अङ्क थप गर्ने निर्णय भएको छ।

| सि. नं. | सडकको नाम | दायाँ बायाँको जग्गा लाई खण्ड (ख) को आंकडाको थप गर्ने प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | टुंडिखेल दमकलदेखि भार्वाचो हुँदै इचाछोल ढुङ्गेधारा र त्यसअगाडिको पाटीसम्मको दुबै लाईनलाई– | १५ | |
| २. | इचाछोल ढुंगेधारा र त्यस आगाडिको पाटीबाट टेखाचो बंशगोपाल नासुमना टौमढी क्वाछें सुकुलढोका हुँदै रामझुपढी र त्यसअगाडिको ढुङ्गेधारासम्मको सडकको दुबै लाईनलाई– | २० | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०५

| | | | |
|---|---|---|---|
| ३. | रामझुपडी र त्यसअगाडिको ढुङ्गेधारादेखि तबपाल दत्तालय दायाँ बायाँको उत्तर-दक्षिणको दोबाटोसम्मको सडकको दुवै लाईन— | १३ | |
| ४. | टुंडिखेल मोटर पार्कदेखि इताछें दरबार स्क्वायर पोष्ट अफिस साकोटा त्यहाँबाट सुकुलढोका बीरधारा भएको दोबाटोसम्मको सडक दुवै लाईनलाई— | १२ | |
| ५. | माथि उल्लेख भएको सडकहरूभन्दा बाहिरका अरू प्रत्येक सडकहरूको दायाँ बायाँको सडकहरूलाई— | १० | |

(घ) टूटफुट कट्टी:– हरेक घरको (क) तालिकाअनुसार कायम हुन आएको मोलमा निम्न प्रतिशतको दरले टूटफुट कट्टी गर्न दिने निर्णय भएको छ ।

| घरको बनोट | प्रति वर्ष कट्टी हुने प्रतिशत | बढी से बढी कट्टी गर्ने प्रतिशत | बढी से बढी कट्टी गर्न पाउने वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. माटोको जोडाइ सबै किसिमको घर (१ देखि ४ सम्म) | २. | ६० | ३० | |
| २. बज्रको जोडाइको सबै किसिमको घर (५, ६ र ७) | १.२५ | ५० | ४० | |
| ३. सिमेण्टको जोडाइको सबै घर (८ र ९) | .७५ | ५० | ६७ | |
| ४. आर.सी.सी. फ्रेमस्ट्रकचरको सबै किसिमको घर (१० र ११) | .५० | ५० | १०० | |
| ५. काठको घर (१२) | २.५० | ८० | ३२ | |

(ङ) घर कम्पाउण्डभित्रको जग्गाको दर:– यस शहरी क्षेत्रमा निम्नलिखित अञ्चलमा घर कम्पाउण्डभित्रको जग्गाको औसत मोल निम्नबमोजिम कायम गर्ने निर्णय भएको छ, तालिका (ग) बमोजिमको सडकहरूमा जोडिएका जग्गामा उक्त (ग) तालिकाबमोजिम सडक महत्त्व थप हुनेछ ।

| | |
|---|---|
| (१) नं. १ को अञ्चलमा | रू. १,६००।– प्रति रोपनी |
| (२) नं. २ को अञ्चलमा | रू. २,०००।– प्रति रोपनी |
| (३) नं. ३ को अञ्चलमा | रू. २,५००।– प्रति रोपनी |
| (४) नं. ४ को अञ्चलमा | रू. ३,०००।– प्रति रोपनी |
| (५) नं. ५ को अञ्चलमा | रू. ३,५००।– प्रति रोपनी |
| (६) नं. ६ को अञ्चलमा | रू. ४,०००।– प्रति रोपनी |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६

द्रष्टव्यः–१. कांचो ईंटको वा माटोको बा बाँसको टाटी वा बाँस काठको टाटीको गारो भई फूस (खर) वा साधारण टिनको छाना भएको कच्ची घरको मूल्याङ्कन नगर्ने ।

२. सिनेमाहलहरूको अघिल्लो भाग (मुख्य अडिटोरियम) गोदाम किसिम हुने हुँदा सो भागको मूल्याङ्कन गर्दा तालिका (क) को लागत मोलमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने ।

३. औद्योगिक प्रतिष्ठानको गोदामघरहरू मूल्याङ्कन गर्दा तालिका (क) को लागत दरमा २५ प्रतिशत रिहाई दिई मूल्याङ्कन गर्ने ।

४. जग्गाको हिसाब गर्दा घर खडा भएको जग्गाको समेत हिसाब गर्नु पर्नेछ । जग्गाको मोलमा टूटफुट कट्टी हुने छैन ।

५. तालिका (ग) मा उल्लेख भएका सडकहरू दुबैतर्फ घर क्याम्प जोडिएको घर जग्गाको मूल्याङ्कन गर्दा यस्तो जोडिएका सडकहरूमध्ये जुन चाहीं को बढी सडक महत्त्व हुन्छ त्यहीलाई सडक मानी मूल्याङ्कन गर्ने ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको अतिरिक्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।